आज मिति २०७७।०१।१२ गतेका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

**तपसिल उपस्थिति**

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं-१
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज लिम्बिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - न.का.स.
१४. श्री जानुका कमर - ,,
१५. श्री मदन कुमारी कार्की - ,,
१६. श्री विमला राई - ,,
१७. श्री अस्मिता नेपाली - ,,
१८. श्री प्रमिला पतुवार - ,,
१९. श्री सुन्दर प्रकाश साह - ,,
२०. श्री सत्यनारायण दुजदार - नि.प्र.प्र.आमन्त्रित
२१. श्री अम्बर बहादुर मगर - लेखापाल

**प्रस्तावहरु**

१. कोरोना राहत कोषमा थप रकम व्यवस्थापन सम्बन्धमा ।
२. नगर बाहिर रहेका नागरिकहरु ल्याउने तथा क्वारेन्टीनमा राख्ने बारे ।
३. राहत खरिद सम्बन्धमा ।
४. आगलागी र विरामीको सम्बन्धमा ।

Scanned by CamScanner

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथामको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण दैनिक गुजारामा प्रत्यक्ष प्रभाव पर्ने यस नगर क्षेत्रका असंगठित क्षेत्रका मजदुर, असहाय तथा अतिविपन्न नागरिकहरुलाई प्रथम चरणमा १२ दिन बराबरको खाद्यान्न राहत वितरण गरिएकोमा लकडाउन लम्बिएर जाने अवस्था देखिएको हुँदा त्यस्ता अतिविपन्न परिवारका नागरिकहरुलाई दोस्रो चरणको खाद्यान्न वितरण लगायत कोरोना व्यवस्थापनको लागि तपसिल अनुसारका शीर्षकहरुबाट रकमान्तर सहित तपसिलका रकमहरु कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा जम्मा गरि यस नगरको प्रकोप व्यवस्थापन कोष खाता मार्फत खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | साविक शीर्षक | रकम | संशोधित शीर्षक | रकम |
|---|---|---|---|---|
| १. | प्रदेश स्तरीय खेलकुद प्रतियोगिता संचालन तथा खेलकुद सम्बन्धी गतिविधी, खेलमैदान मर्मत विस्तार स्तरोन्नती र आवश्यकताअनुसार विविध खर्च | २०,००,०००।- | कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष | ५०,००,०००।- |
| २. | ट्रयाक्टर खरिद | १८,००,०००।- | | |
| ३. | शव वाहन खरिद | १२,००,००० | | |
| | | ५०,००,०००।- | | ५०,००,०००।- |

साथै उक्त कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा तपसिल बमोजिमको रकमहरु जम्मा गरि कोष स्थापना गर्ने निर्णय गरियो ।

तपसिल :-

१. संशोधित रकम रु. ५०,००,०००।-
२. श्री प्रदेश सरकारबाट प्राप्त रकम रु. १०,००,०००।-
३. श्री नपाको जनप्रतिनिधिहरुको सुविधाबाट प्राप्त रु. ५,५२,४२०।-
४. श्री मा अम्बिका थापा बाट प्राप्त रु. ८५००।-
५. श्री सहारा नेपाल सहकारी संस्था बाट प्राप्त रु. ५०,०००।-

[signature]

Scanned by CamScanner

६. श्री महेश रेग्मी बाट प्राप्त रु. १००,०००।–
७. श्री साना किसान कृषि सहकारी बाट प्राप्त रु. १०१,०००।–
८. श्री नरेन्द्र राउत न्यौ.शि.१० बाट प्राप्त रु. १,००,००५।–
६६,११,६५५।–

निं.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नपाको मिति २०७७/०१/०४ गतेको निर्णय अनुसार जिल्ला समन्वय समिति उदयपुरको निर्णय र जिल्ला प्रशासन कार्यालय उदयपुरको समन्वयमा यस नगर क्षेत्रभन्दा बाहिर रहेका यस नपा का नागरिकहरूलाई निजहरूको इच्छा अनुसार घर ल्याउने व्यवस्था मिलाईएको हुँदा काठमाडौं लगायतका स्थानहरूमा रहेका नागरिकहरूलाई ल्याउनको लागि यस नपामा रहेको यातायात व्यवसायि संघ बेल्टार सँग समन्वय गरि गाडीहरूको व्यवस्था मिलाउने र उक्त गाडीहरूको भाडा रकम एकमुष्ट रूपमा यातायात व्यवसायी संघ मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। साथै आफै वा नपाले पठाएको गाडीमार्फत नगर बाहिर बाट घर आएका व्यक्तिहरूलाई चिकित्सकको सल्लाह बमोजिम क्वारेन्टीनमा राख्ने र क्वारेन्टीनमा बस्न नपर्ने सामान्य अवस्था भएको भनि चिकित्सकहरूले प्रमाणित गरेका व्यक्तिहरूलाई होमक्वारेन्टीनमा सुरक्षित रूपमा बस्ने व्यवस्था मिलाउने र नियमित रूपमा अनुगमन गर्ने निर्णय गरियो।

निं.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा हालको लामो समय सम्मको लकडाउनको कारण दैनिक गुजारामा प्रभाव पर्ने अतिविपन्न परिवार हरूको लागि दोस्रो चरणको खाद्यान्न राहत वितरण वडा कार्यालय मार्फत गर्ने र सोको लागि नपा को १० वटै वडाहरूलाई प्रतिवडा रु. ५५०,०००।- का दरले भुक्तानी आदेश मार्फत भुक्तानी गर्ने निर्णय गरियो। साथै उक्त रकम बाट खाद्यान्न राहतको लागि चामल, दाल, नुन र तेल प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद ~~सम्म~~ गरि वडा कार्यालयहरूले फरफार गर्ने निर्णय गरियो। उक्त राहत सामाग्री नपाले पहिलो चरणमा वितरण गरेकै परिमाण बमोजिम उपलब्ध गराउने निर्णय गरियो।

निं.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगर क्षेत्रका विभिन्न वडामा रहेका दीर्घरोगीहरूले स्वास्थ्य उपचारको

Scanned by CamScanner

लागि आर्थिक सहयोग माग भएको साथै नगरका विभिन्न वडामा विभिन्न व्यक्तिहरुको घर आगलागी भई पूर्णरुपमा क्षतिभएका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा आगामी बैठकमा निर्णय गर्ने निर्णय गरियो।

<u>नि.नं. ५</u> माथि नि.नं. २ मा कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषमा रु ६५,११,५२५।- जम्मा गरिएकोमा उक्त कोषमा तपसिलको रकम समेत जम्मा गर्ने निर्णय गरियो।

१. अल्या रु. ६५,११,५२५।-
२. मा.डा. नारायण खड्का ज्यू बाट प्राप्त रु. ८१,०००।- (चामल)
३. उदयपुर निर्माण व्यवसायी संघ, उदयपुर बाट प्राप्त रु. २५,०००।-

जम्मा रु. ६०,१६,५२५।-

Scanned by CamScanner